नेपाल सरकार
विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं

प.सं. :- ०८१/८२
च.नं. :- ५४२

मिति :- वि.सं. २०८२/०३/१३

विषयः मादक पदार्थको विज्ञापनलाई नियमन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह
सबै

यस बोर्डमा मिति २०८२।०३।०९ मा प्राप्त उजुरी द.नं. ५४३, ५४५ का सम्बन्धमा यो पत्र लेखिदैछ। उजुरीमा मादक पदार्थको विज्ञापन निषेध गर्ने सम्मानित सर्वोच्च अदालतको आदेश, जन स्वास्थ्य ऐन र विज्ञापन ऐनको ठाडो उल्लंघन गर्दै देशभर अवैध विज्ञापन गर्ने कार्य भैरहेको, मादक पदार्थ उत्पादक, विज्ञापन करका ठेकेदार र स्थानीय तहका कर्मचारीको मिलेमतोमा होर्डिङ बोर्ड लगायतका माध्यमबाट सार्वजनिक स्थलमा मादक पदार्थको विज्ञापन गरिरहेको, स्थानीय तहले त्यस्ता अवैध कार्यलाई रोक्नुको सट्टा मौन समर्थन प्रदान गरिरहेको हुँदा कारवाही गरी पाऊँ भन्ने लगायतको व्यहोरा उल्लेख गरिएको छ।

जन स्वास्थ्य ऐन, २०७५ को दफा ४५ मा मदिरा, चुरोट, सुर्ती तथा सूर्तीजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकूल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचार प्रसार गर्न पाइने छैन भन्ने व्यवस्था रहेको, विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ को उपदफा १ (छ) मा प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा विज्ञापन गर्न नहुने व्यवस्था रहेको, दफा ४(१) मा सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको, सोही दफाको उपदफा (५) (क) मा यस ऐन वा प्रचलित कानून प्रतिकूल हुने विज्ञापन गर्न अनुमति दिन नसकिने विषय उल्लेख छ।

साथै कुनै पनि सञ्चार माध्यमबाट मदिराको विज्ञापन प्रकाशन तथा प्रसारण नगर्नु नगराउनु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७९/११/११ मा अन्तरिम आदेश जारी भएको तथा यस बोर्डको मिति २०७९/११/२८ को प्रेस विज्ञप्ती मार्फत विज्ञापनदाता, विज्ञापन एजेन्सी, छापा, विद्युतीय, डिजिटल माध्यमका साथै सामाजिक सञ्जालबाट मादक पदार्थको विज्ञापन प्रकाशन, प्रसारण तथा प्रदर्शन नगर्न नगराउन सम्बन्धित सबैलाई निर्देशन दिइसकेको व्यहोरा यहाँमा विदितै छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २४ (१) मा होर्डिङ बोर्डबाट हुने वा भएका विज्ञापन यस ऐन तथा प्रचलित कानून बमोजिमको मापदण्ड पूरा गरे नगरेको विषयको अनुगमन तथा नियमनको काम सम्बन्धित स्थानीय तहले गर्ने, अनुगमन तथा नियमन गर्दा अनधिकृत रुपमा होर्डिङ बोर्ड राखेको पाइएमा कारण उल्लेख गरी त्यस्तो विज्ञापन संशोधन गर्न, बन्द गर्न वा हटाउन आदेश दिने, र त्यस्तो आदेशको पालना नगरेमा ऐ.ऐनको दफा २४ को उपदफा ४ मा एक लाख रुपैया सम्म जरिवाना गर्ने व्यवस्था रहेको छ। तसर्थ स्थानीय तह क्षेत्र भित्र रहेका मदिरा तथा सुर्तीजन्य पदार्थको विज्ञापन प्रर्दशन भएको भए तत्काल हटाउने व्यवस्था हुन तथा स्थानीय तहको आदेशको पालना नभएमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २४ को उपदफा ४ बमोजिम कारबाही गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

(कुमारी तारा घिमिरे)
शाखा अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमांडौ
स्थानीय तह समन्वय शाखा